ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि.

Global IME Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रियस्तर कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालयः पोखरा-२६, विजयपुर, कास्की, फोन : ०६१-४११४३८, ४११४३५
Email : info@gilb.com.np, Website : www.gilb.com.np

चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०८/०२ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक)

आदरणीय शेयरधनी महानुभावहरू,

यस ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८३/०८/०१ गते बसेको सञ्चालक समितिको २३४ औं बैठकको निर्णयानुसार वित्तीय संस्थाको चौधौं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा तपसिलका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान

मिति : २०८३ साल मंसिर २३ गते बुधवार (तदनुसार ०९, डिसेम्वर, २०२६)

समय : बिहानको ९:०० बजे

स्थान : IME Hospility Pvt. Ltd. , Street No. 3, लेकसाइड, पोखरा, कास्की ।

वार्षिक साधारण सभाको छलफलका विषयहरू :

(क) सामान्य प्रस्तावहरू

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८२/०८३ को आषाढ मसान्तसम्मको वासलात, नाफा/नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, इक्विटीमा भएको परिवर्तन तथा सोही अवधिको नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरू तथा तत्सम्बन्धी अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।
३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८३/०८४ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधा निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक श्री पि.एल.आर.जी. एसोसिएट्स चार्टर्ड एकाउन्टेन्स पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८२/०८३ सम्मको सञ्चित मुनाफाबाट चुक्ता पूँजी रु. ६४,८२,९७,७९७.२२ को ३.५० प्रतिशतले हुने रकम रु २,२६,९०,४२२.९० (अक्षरेपि दुई करोड छब्बिस लाख नब्बे हजार चार सय वाईस रुपैयाँ पैसा नब्बे मात्र) नगद लाभांश (कर प्रयोजन सहित) पारित गर्ने ।
५. संस्थाको सञ्चालक समितिबाट भएको स्वतन्त्र सञ्चालकको नियुक्तिलाई अनुमोदन गर्ने ।
६. सञ्चालक समितिमा सर्वसाधारण शेयरधनी समूहवाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्तावहरु

१. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०८२/०८३ सम्मको सञ्चित मुनाफाबाट चुक्ता पूँजी रु.६४,८२,९७,७९७.२२ को ६.०० प्रतिशतले हुने रकम रु ३,८८,९७,८६७.८३/-(अक्षरेपि तीन करोड अठासी लाख सन्तानब्बे हजार आठ सय सतसठ्ठी रुपैयाँ पैसा त्रियासी मात्र) बराबरको बोनस शेयर वितरणको प्रस्ताव पारित गरी सो सम्बन्धमा प्रबन्धपत्र/नियमावलीमा आवश्यक संशोधन गर्ने ।
२. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने वा परिमार्जन गर्ने वा फेर बदल गर्ने वा थप गर्ने क्रममा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक लगायतका नियामक निकायहरूबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन गर्न वा फेर बदल गर्न कुनै निर्देशन वा सुझाव प्राप्त भएमा सो सम्बन्धी संशोधन कार्य गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।
३. वित्तीय संस्थाको नियमावलीमा भएको नियम ३२ को उपनियम (१) को खण्ड (ख) क बमोजिम सञ्चालक समितिको बैठक भत्ता संशोधन गर्न प्रस्ताव पेश गर्ने ।

(ग) विविध ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

साधारण सभा सम्बन्धी थप जानकारी

१. चौधौं वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०८३ मंसिर ११ गतेका दिन यस वित्तीय संस्थाको सेयरधनी दर्ता किताब बन्द (Book Closed) रहने छ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा शेयरधनी दर्ता किताब बन्द हुनुभन्दा अघिल्लो दिनसम्म कारोबार भई नियमानुसार नामसारी भई आएका शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न तथा लाभांश लिनको लागि योग्य हुनेछन् ।
२. वार्षिक साधारण सभाको सूचना, प्रोक्सी फारम तथा कागजातहरू सबै शेयरधनी महानुभावहरूको लागि यस संस्थाको वेवसाइट http://www.gilb.com.np बाट पनि हेर्न र प्राप्त गर्न सकिनेछ । साधारण सभामा भाग लिन आउँदा शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफनो परिचय खुल्ने सक्कल परिचय-पत्र साथमा लिई आउनुहुन अनुरोध छ ।
३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका साधारण सभा हुने दिनको बिहान ८:०० बजेदेखि खुल्ला रहनेछ ।
४. कुनै शेयरधनी सभामा स्वयं उपस्थित हुन नसक्ने भएमा सभामा भाग लिन वा मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी फाराम) भरी संस्थाको रजिष्टर्ड कार्यालय पोखरा-२६, विजयपुर कास्कीमा सभा शुरु हुनुभन्दा कम्तिमा ४८ घण्टा अगाडि निवेदन दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरिएको व्यक्ति यस संस्थाको शेयरधनी हुनु आवश्यक छ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नुभएका शेयरधनी आफैं सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नुभएमा अगाडि दिइएको प्रोक्सी बदर हुनेछ ।
५. प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ, सो मात्र मान्य हुनेछ ।
६. प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी बदर गरिपाउँ भनी शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ साथै अर्को प्रतिनिधि मुकरर गरिएको अवस्थामा पछिल्लो मुकरर प्रतिनिधि कायम हुनेछ ।
७. नाबालक शेयरधनीको तर्फबाट लघुवित्त वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न सक्नुहुनेछ ।
८. सञ्चालकको निर्वाचन सम्वन्धी विस्तृत जानकारीको लागि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय पोखरा-२६, विजयपुर कास्कीमा सम्पर्क राख्न सक्नुहुनेछ ।
९. यस वित्तीय संस्थाको सञ्चालक समिति सदस्यमा उम्मेदवार हुनको लागि संस्थाको नियमावलीमा उल्लेख भए बमोजिम न्यूनतम १०० कित्ता शेयर धारण गरेको र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम योग्य भएको हुनुपर्नेछ । सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको निर्वाचन सम्वन्धी कार्यक्रम निर्वाचन अधिकृतले संस्थाको केन्द्रीय कार्यालयमा सूचना प्रकाशित गरेबमोजिम हुनेछ ।
१०. कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र सोसँग सम्बन्धित अनुसूचीहरु समेतको पुस्तिका यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय पोखरा महानगरपालिका वडा नं.-२६, विजयपुर, कास्कीको साधारण सभाको सचिवालयबाट तथा साधारण सभा स्थलबाट समेत प्राप्त गर्न सक्नुहुनेछ, साथै उक्त प्रतिवेदन यस संस्थाको वेवसाईट http://www.gilb.com.np बाट समेत हेर्नसक्ने व्यवस्था मिलाइएको छ ।
११. छलफलको विषय अन्तर्गत विविध शीर्षकमा शेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनुभएमा सो विषयमा साधारण सभा हुनुभन्दा कम्तिमा ७ (सात) दिन अघि कम्पनीको रजिष्टर्ड कार्यालय मार्फत कम्पनीको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ । जसबाट त्यस्तो विषयमा आवश्यक पूर्व तयारी गर्न सजिलो हुनेछ ।
१२. शेयरधनीबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले व्यक्तिगत वा सामूहिक रुपमा उत्तर दिन सक्नेछन् ।
१३. माथि उल्लेखित दफाहरुमा तोकिएको दिनमा कुनैपनि सार्वजनिक बिदा पर्न गएमा सो दफाहरुमा उल्लेखित प्रयोजनको निमित्त तोकिएको समय सीमासम्म कार्यालय खुल्ला रहनेछ ।
१४. थप जानकारीका लागि संस्थाको केन्द्रीय कार्यालय पोखरा-२६ विजयपुर, कास्कीमा कार्यालय समयभित्र सम्पर्क राख्नुहुन अनुरोध छ ।